☎०८१-५६०४५०
Email: seedlabkhajura@gmail.com
Website:seedlabkhajura.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# बीउ बिजन प्रयोगशाला
खजुरा, बाँके

प.स:- २०८२/०८३
च.नं. ३६०

मिति: २०८३।०१।२९

**बिषय: बीउ बिजन उत्पादन तथा खरिद बिक्री सम्वन्धमा ।**

श्री एग्रोभेट, बीउ व्यावसायीहरु ( दाङ,बाँके,बर्दिया,रोल्पा,प्यूठान र रुकुमपूर्व )
श्री मुल तथा उन्नत बीउ उत्पादक सबै ( दाङ,बाँके,बर्दिया,रोल्पा,प्यूठान र रुकुमपूर्व )

प्रस्तुत बिषयमा यस प्रयोगशालाको कार्यक्षेत्र भित्र रहेका सम्पुर्ण बीउ व्यावसायी, बीउ उत्पादक कृषक,समुह,सहकारी,कम्पनी प्रा.ली हरुले बीउ बिजनको कारोबार गर्दा देहाय बमोजिमको नियमहरुको पालना गर्नुहुन सरोकारवाला सम्पुर्णमा जानकारी गराईन्छ । साथै प्रकृया पुरा नभएका गुणस्तरहीन बीउको खरिद तथा बिक्रीमा संलग्न बीउ बिजन व्यवसायी तथा एग्रोभेटलाई बीउ बिजन ऐन, २०४५ (दोस्रो संशोधन,२०७९) तथा बीउ बिजन नियमावली, २०८१ अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल:

१. नेपाल/प्रदेश सरकारबाट सिफारिस तथा सूचित बाली र जातका बीउ बिजनहरुको मात्र उत्पादन तथा प्रयोग गरौं ।
२. बाली, जात, उत्पादन वर्ष, लट नं., उमारशक्ति आदि उल्लेखित बीउ उत्पादन संस्थाको लोगो समेत समावेश गरिएको बोरा, डिब्बा वा प्याकेटमा राम्रोसंग शीलबन्दी भएको बीउ मात्र प्रयोग गरौं ।
३. बीउ प्रमाणीकरण निकाय तथा सम्वन्धित बीउ उत्पादक संस्थाबाट लेबल गरिएका टयाग तथा यथार्थ संकेतपत्र प्रयोग गरिएका बीउ बिजनहरुको मात्र प्रयोग गर्ने गरौं।
४. नेपाल/प्रदेश सरकारबाट अनुमतिपत्र प्राप्त बीउ बिजन व्यवासायी तथा भरपर्दो श्रोतबाट बीउ खरिद गरी प्रयोग गरौं ।
५. श्रोत बीउ मूल र प्रमाणित सरहको सही सदुपयोग गरी यसलाई बीउ उत्पादनका लागि मात्र प्रयोग गरौं । खाद्यान्न उत्पादनका लागि उन्नत स्तरको बीउ प्रयोग गरौं।
६. बीउ बिक्रेताले बीउ बिजन ऐन, २०४५(दोस्रो संशोधन,२०७९),बीउबिजन नियमावली, २०८१ र प्रदेश बीउ बिजन ऐन तथा नियमावली २०८१ अनुसार तोकिएका सूचित र गुणस्तरयुक्त बीउ मात्र बिक्री वितरण गरौं ।
७. बीउ प्रमाणीकरण गर्न चाहने ब्यक्ति, संस्था वा निकायले बीउ बाली खेत निरीक्षण सम्बन्धि पूर्व जानकारी फाराम बीउ छरेको/रोपेको एक महिना भित्र बीउ बिजन प्रयोगशालामा पठाऔ, सो अवधिभित्र जानकारी नभएमा कार्यालय बाध्य नहुने ।
८. बीउलाई लामो समयसम्म जोगाईराख्न बीउको उपयुक्त चिस्यान तथा उचित भण्डारणमा बिशेष ध्यान दिने गरौं।
९. बीउको गुणस्तर कायम राख्न बीउ बाली निरीक्षण, आफ्नो बीउको गुणस्तर थाहा पाउन प्रयोगशालामा परीक्षण गर्ने गरौं र टयाग लेवल लगाई बीउ बिक्री वितरण गरौं ।
१०. बीउ व्यावसायी तथा उत्पादकहरुले प्रतयेक वर्षको श्रावण महिनाको ७ गते भित्र वार्षिक प्रगति विवरण र माघ ७ गते भित्र अर्धवार्षिक प्रगति विवरण सहित अन्य तोकिएका कागजातहरु अनिवार्य रुपमा पेश गरौं।
११. कृषक पहिचान पुस्तिका/दर्ता पुस्तिका, बीउ लट दर्ता र चलानी रजिष्टर, लटको विवरण लगायतका अन्य सम्पुर्ण विवरण अध्यावधिक गरौं
१२. माथि उल्लेखित प्रक्रिया पुरा नभएका गुणस्तरहीन बीउको प्रयोगमा सम्वन्धित कृषक तथा प्रयोगकर्ता जिम्मेवार हुनेछन् भने खरिद तथा बिक्रीमा संलग्न बीउ बिजन व्यवसायीलाई बीउ बिजन ऐन, २०४५ (दोस्रो संशोधन,२०७९) तथा बीउ बिजन नियमावली, २०८१ अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।
१३. विस्तृत जानकारीका लागि सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्र वा जिल्ला स्थित कृषि हेर्ने कार्यालय वा स्थानिय तहको कृषि शाखा वा यस प्रयोगशालाको वेव साईट/फेसबुक पेज/बीउ बिजन सफ्टवेयर वा प्रयोगशालामा सम्पर्क गर्न हुन अनुरोध छ।

दिनेश प्रसाद भट्टराई
निमित्त कार्यालय प्रमुख
२०८३।०१।२९

बोधार्थ:
श्री कृषि बिकास निर्देशनालय,बुटवल,रुपन्देही ।
श्री कृषि ज्ञान केन्द्र (बाँके,दाङ,रोल्पा)
श्री एकिकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय(बर्दिया,रुकुमपूर्व,प्यूठान)



CamScanner